अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ | संख्या : २६ | मिति : २०८०/११/३०


भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८०

<u>गाउँ कार्यपालिकाबाट स्वीकृत</u>

**२०८०।११।२९**

**प्रस्तावना**: अपिहिमाल गाउँपालिका वा अन्तर्गतका निकायबाट निर्माण भएका सार्वजनिक पूर्वाधार एवम् गाउँपालिका स्वामित्वमा रहेका सार्वजनिक सम्पतिको मर्मत सम्भार गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम अपिहिमाल गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ

२. **<u>परिभाषा</u>**ः विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "सभा" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्दछ ।

(ज) "सार्वजनिक सम्पत्ति" भन्नाले अपिहिमाल गाउँपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गा, यान्त्रिक उपकरण, विद्युतीय सामग्री, सवारी साधन लगायतका अचल सम्पति सम्झनु पर्दछ ।

(झ) "सम्बन्धित शाखा" भन्नाले मर्मत सम्भार कोषबाट व्यय हुने गरी मर्मत सम्भार गर्न जिम्मेवारी तोकिएको शाखालाई सम्झनु पर्दछ ।

(ञ) "मर्मत सम्भार" भन्नाले सार्वजनिक सम्तिको नियमित रूपमा मर्मत सम्भार गर्ने कार्य समझनुपर्छ ।

(ट) "पूर्वाधार" भन्नाले सडक, ढल, सडकपेटी, पुल, पुलेसा, नहर, कुलो, सार्वजनिक पार्क, रगंशाला, ल्याण्डफिल्ड साइट, खेलमैदान, सार्वजनिक शौचालय, सांस्कृतिक सम्पदाहरू आदिलाई सम्झनु पर्दछ ।

(ठ) "कोष" भन्नाले अपिहिमाल गाउँपालिकाको मर्मत सम्भार कोष सम्झनु पर्दछ ।

३. **<u>कार्यविधिको उद्देश्य</u>**ः कोष स्थापनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन ।

(क) क्षेत्रभित्र रहेका सार्वजनिक पूर्वाधार एवम् सम्पत्तिहरूको समयमै मर्मत सम्भार गरी ठिक दुरूस्त राख्ने ।

(ख) कोष संञ्चालन सम्बन्धी प्रक्रियालाई सरल, स्पष्ट, पारदर्शी र व्यवस्थित बनाउने ।

(ग) उपभोक्ता समिति, गाउँपालिका तथा अन्य सरकारी निकायहरुबाट निर्माण भएका पूर्वाधारहरू समयमै मर्मत सम्भार गरी भविष्यमा हुनसक्ने सम्भावित क्षतिबाट जोगाउने ।

(घ) पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिहरूको मर्मत सम्भारका लागि स्रोत जुटाउन संघ, प्रदेश र अन्य निकायहरूसँग समन्वय गर्ने ।

(ङ) प्राकृतिक प्रकोप एवम् आकस्मिक रुपमा सार्वजनिक सम्पति तथा पूर्वाधारमा पुगेको क्षतिको तत्काल मर्मत सम्भार गरी सुचारू गर्ने ।

(च) वार्षिक रूपमा मर्मत सम्भार गर्नुपर्ने सडक लगायतका अन्य पूर्वाधारहरूको विवरण तयार गरी मर्मत सम्भार सम्बन्धी कार्यक्रम तयार गर्ने ।

## परिच्छेद-२

## कोष स्थापना, सञ्चालन र प्रयोग

४. **कोष स्थापना र सञ्चालनः** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिको नियमित मर्मत सम्भार गरी संरक्षण एवम् संवर्द्धन गर्न मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१)क बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछ ।

(क) सभाबाट कोषमा विनियोजित रकम,

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट मर्मत सम्भार कार्यका लागि प्राप्त रकम,

(ग) अन्य कुनै व्यक्ति, सरकारी निकाय, गैरसरकारी संघसंस्था तथा दातृ निकायबाट कोषलाई प्राप्त अनुदान रकम,

(घ) कोषको मौज्दात रकममा प्राप्त ब्याज तथा मुनाफा बापतको रकम ।

(३) कोषको रकम कार्यपालिकाले तोकेको बैङ्क खातामा जम्मा गरिनेछ । उक्त कोषमा जम्मा भएको रकम यसै कार्यविधि बमोजिम खर्च गरिनेछ ।

(४) मर्मत सम्भार कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

५. **कोषको प्रयोगः** अपिहिमाल गाउँपालिकाको मर्मत सम्भार कोषको प्रयोग गाउँपालिका र अन्य सरकारी निकायहरूबाट गाउँपालिका क्षेत्रभित्र निर्माण गरिएका सडक, पुलपुलेसो, सार्वजनिक भवन, खानेपानी लगायतका अन्य भौतिक पूर्वाधार एवम् सार्वजनिक सम्पत्तिहरूको मर्मत सम्भार तथा आकस्मिक एवम् विपत्तिबाट क्षति भएको सार्वजनिक पूर्वाधारको मर्मत सम्भारको लागि प्रयोग गरिनेछ ।

## परिच्छेद-३

## समितिको गठन, काम, कर्तव्य र अधिकार

६. **मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठनः** (१) गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन र व्यवस्थापनका लागि एक कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) | पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ङ) | प्रशासन,योजना तथा अनुगमन शाखा प्रमुख | -सदस्य |
| (च) | पूर्वाधार विकास शाखा प्रमुख | -सदस्य सचिव |

(३) समितिको बैठक संयोजकले तोकेको समयमा आवश्यकता अनुसार बस्नेछ ।

(४) संयोजकले आवश्यक ठानेमा कार्यपालिका सदस्य, विज्ञ, कर्मचारी तथा अन्य व्यक्तिहरूलाई बैठकमा आमन्त्र गर्न सकिनेछ ।

(५) संयोजक तथा सदस्यहरूले बैठकमा भाग लिए बापत कानून बमोजिम बैठक भत्ता पाउनेछन् ।

७. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मर्मत सम्भार गर्नुपर्ने योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजनका लागि सिफारिस गर्ने ।

(ख) गाउँपालिका भित्रका सार्वजनिक पूर्वाधार एवम् सम्पतिको संवर्द्धन तथा नियमित मर्मत सम्भारका लागि व्यवस्था मिलाउने ।

(ग) गाउँपालिकाको भौतिक पूर्वाधारहरूको मर्मत सम्भारका कार्यक्रमहरु योजनाबद्ध रूपमा अघि बढाउने सम्बद्ध सबै निकायहरूसँग समन्वय गर्ने ।

(घ) कोषको दिगोपनामा लागि आर्थिक श्रोत जुटाउन संघ, प्रदेश सरकार तथा अन्य दातृ निकाय एवम् संघसंस्थाहरूसँग समन्वय

(ङ) कोष वृद्धि, कोषको सञ्चालन तथा उपयोगका सम्बन्धमा आवश्यक नीतिगत तथा कार्यान्वयगत निर्णयहरू गर्ने ।

(च) कोषको आर्थिक लेखा प्रणाली एवम् प्रशासनिक कार्यहरूको निरीक्षण गर्ने तथा सो सम्बन्धमा आवश्यक निर्णयहरू गर्ने ।

(छ) आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## <u>कोष सञ्चालन प्रक्रिया र प्राथमिकता</u>

८. **<u>कोष सञ्चालन प्रक्रिया</u>**: कोष संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) नियमित मर्मत सम्भारः

(१) सम्बन्धित शाखाले गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक पूर्वाधारतर्फ मर्मत गर्नुपर्ने कार्यको विवरण सङ्कलन गरी समिति समक्ष पेश गर्नेछ ।

(२) शाखाबाट तयार भई पेश भएको मर्मत सम्भार कार्यक्रम/आयोजनाको प्राथमिकता र उपयुक्तताका आधारमा समितिको स्वीकृतिमा कोषबाट मर्मत सम्भार गर्न सकिनेछ ।

(ख) आकस्मिक मर्मत सम्भारः

(१) प्राकृतिक विपत्तिबाट श्रृजित आकस्मिक अवस्थामा लागत अनुमानका आधारमा देहाय बमोजिम मर्मत सम्भार गर्न स्वीकृति लिई मर्मत सम्भार गर्न सकिनेछ ।

(क) एक लाखसम्मको लागत अनुमान रहेको मर्मत सम्भार प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा गराउन सकिने ।

(ख) एक लाख भन्दा बढी पाँच लाखसम्म लागत अनुमान रहेको मर्मत सम्भार गाउँपालिका अध्यक्षको स्वीकृतिमा गर्न सकिने ।

(ग) सम्बन्धित शाखाले नियमित तथा आकस्मिक कार्यका लागि गरिएको मर्मत सम्भारको चौमासिक रूपमा प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्नेछ । समितिले यस्तो प्रतिवेदन माथि आवश्यक छलफल गरी स्वीकृत बजेटको परिधि भित्र भएमा मर्मत सम्भारको स्वीकृति दिने । थप बजेट आवश्यक भएमा कार्यपालिकामा पेश गर्ने ।

(घ) मर्मत सम्भार गर्दा सम्बन्धित शाखाले मर्मत सम्भार गर्नुपर्ने कार्य प्रचलित कानून बमोजिम कोषबाट मर्मत गर्नेछ ।

**परिच्छेद-५**

**<u>मर्मत कार्य, निर्माण सामग्री तथा इन्धन व्यवस्थापन</u>**

९. **<u>मर्मत कार्य</u>**ः मर्मत गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरु प्रचलित कानून बमोजिम कोषमा विनियोजित बजेटबाट खरिद गरिनेछ ।

१०. **<u>निर्माण सामग्री</u>**ः एक लाखसम्मको निर्माण सामग्री/मिस्त्री र ज्यामी सम्बन्धित शाखाले अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी खरिद गर्न सक्नेछ।

११. **<u>ईन्धनको व्यवस्था</u>**ः मर्मत सम्भार गर्नुपर्ने कार्यका लागि लाग्ने इन्धन मर्मत कोषबाट व्यवस्था गरिनेछ । यस्तो मर्मत सम्भार कार्यमा प्रयोग हुने सवारीमा लाग्ने इन्धनको

छुट्टै अभिलेख राखिनेछ । मर्मत सम्भारको लागि प्रयोग हुने सवारी साधनको अनिवार्य रुपमा लगबुक राख्नु पर्नेछ ।

१२. **कोषबाट सञ्चालन गर्न सक्नेः** सडक, भवन, पूल, रिटेनिङ वाल, खानेपानी जस्ता पूर्वाधार मर्मत गर्ने निर्माण कार्यको प्रचलित कानून बमोजिम कोषबाट सञ्चालन गरिनेछ ।

**परिच्छेद-६**

**विविध**

१३. **खरिद प्रक्रियाः** कोषबाट व्ययभार हुनेगरी सञ्चालन गरिने मर्मत सम्भारका लागि आवश्यक सामग्री तथा सेवा खरिद प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **सुपरभाइजर खटाउने सक्नेः** कार्यालयबाट हुने सार्वजनिक सम्पत्ति एवम् पूर्वाधारको मर्मत सम्भार कार्यको प्राविधिक रेखदेख गर्न सुपरभाइजर खटाउने सकिनेछ ।

१५. **मर्मत सम्भार कार्यको सुपरीवेक्षणः** कार्यालयबाट गरिने मर्मत सम्भार कार्यको सुपरीवेक्षण सम्बन्धित शाखाले गर्नेछ । अन्य प्राविधिक कर्मचारीलाई खटाउनु परेमा प्रमुख प्रशासकीय अधिकृतले खटाउनेछ ।

१६. **लेखापरीक्षणः** कोषको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखा परीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१७. **संशोधन तथा बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिका उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१८. **यस कार्यविधि बमोजिम हुने** : (१) प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखिएको कुरा संविधान, संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर वा खारेजी हुनेछ ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत